# लिखु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## डुँडे, नुवाकोट ।
प्रदेश नं. ३, नेपाल ।

## ***करारमा सेवा लिने सम्बन्धी सूचना***

(सूचना प्रकाशित मिति : २०७५ । ०६ । २९)

लिखु गाउँपालिकाको लागि आधारभूत स्वास्थ्य तथा सरसफाई उपशाखा अन्तर्गत रहने गरी देहायको पद, संख्या र योग्यता भएको प्राविधिक कर्मचारी तथा अन्य कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेको नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५( पन्ध्र ) दिन भित्र दिनको २ : ०० बजे सम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, दरखास्त दस्तुर, कार्य विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट www.likhumunnuwkot.gov.np बाट उपलब्ध हुनेछ ।

| वि.नं. | पद नाम | संख्या |
|---|---|---|
| १/२०७५-०७६ | अ.न.मी. (पब्लिक हेल्थ नर्सिङ) | २(दुई) |
| २/२०७५-०७६ | अ.हे.व.(हेल्थ इन्सपेक्सन) | २(दुई) |
| ३/२०७५-०७६ | कार्यालय सहयोगी | २(दुई) |

**योग्यता, शैक्षिक योग्यता र अनुभवः**

१.नेपाली नागरिक

२.अन्य प्रचालित कानूनद्वारा अयोग्य नभएको ।

३. **शैक्षिक योग्यता :**

क)अ.न.मी. पदको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्ष उत्तीर्ण ।

ख) अ.हे.व.पदको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व वा सि.एम.ए. कोर्ष उत्तीर्ण ।

ग) कार्यालय सहयोगी पदको हकमा साक्षर । तर कार्यअनुभव तथा शैक्षिक योग्यता भएकालाई विशेष ग्राह्यता दिइनेछ ।

**नोट :** ग्रेडिङ प्रणाली लागू भए पश्चात् GPA 2 वा सो भन्दा माथिको प्वाइन्ट प्राप्त गरेकोलाई न्यूनतम शैक्षिक योग्यता पूरा भएको मानिनेछ ।

४. स्वास्थ्य तर्फका पदहरुमा दरखास्त दिने उम्मेदवारहरुले दरखास्त दिने समयमा अ.हे.व.को हकमा नेपाल स्वास्थ्य व्यवसायी परिषद र अ.न.मी.को हकमा नेपाल नर्सिङ् काउन्सीलमा दर्ता भएको (प्रमाणपत्र) पेश गर्ने । अन्तर्वार्ताको समयमा उक्त प्रमाणपत्रको सक्कल/नक्कल प्रति साथमा लिई आउनुपर्नेछ ।

५.**परीक्षाको किसिम :** अन्तर्वार्ता । प्रारम्भिक छनौट सूचीमा परेका उम्मेदवारले मात्र अन्तर्वार्तामा सम्मिलित हुन पाउनेछ ।

६.**परीक्षा केन्द्र :** लिखु गाउँ कार्यपालिकाको कार्यालय, डुँडे, नुवाकोट ।

७.**दरखास्त दस्तुर :** प्रत्येक विज्ञापनका लागि दरखास्त दस्तुर रु ५००/- बुझाउनु पर्नेछ । तर वि.नं.३/२०७५-०७६ को लागि दरखास्त दस्तुर रु रु ३००/- बुझाउनु पर्नेछ ।

८.**दरखास्त दस्तुर बुझाउनु पर्ने स्थान :** लिखु गाउँ कार्यपालिकाको कार्यालय, डुँडे, नुवाकोट को ने.बै.लि. विदुरमा रहेको खाता नं.02603000000004001071 मा दरखास्त दस्तुर जम्मा गरेको भौचरको सक्कलैप्रति दरखास्त आवेदनसाथ पेश गर्नुपर्नेछ ।

९.**दरखास्त दस्तुर बुझाउने अवधि :** सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र दिनको २ : ०० बजे सम्म मात्र । उक्त दिन सार्वजनिक विदा पर्ने भएमा सो पछि कार्यालय खुलेको पहिलो दिन कार्यालयमा दरखास्त दस्तुर र आवेदन फाराम अनिवार्य रुपमा बुझाई सक्नुपर्नेछ ।

१०.**दरखास्तको माध्यम :** विज्ञापित सबै पदहरुमा लिखित आवेदन मार्फत दरखास्त बुझाउनु पर्नेछ । आवेदन फाराम गाउँ कार्यपालिकाको कार्यालयबाट वा लिखु गाउँपालिकाको वेवसाइट मार्फत डाउनलोड गरी प्राप्त गर्न सकिनेछ । अनलाईन मार्फत दरखास्त पेश गर्न सकिने छैन ।

११. **दरखास्त दिने अन्तिम मिति** : २०७५ । ०७ । १२ गते दिनको २ : ०० बजे सम्म । दोब्बर दस्तुर तिरी दरखास्त बुझाउने व्यवस्था गरिएको छैन ।

१२.**उम्मेदवारको उमेरको हद** : स्वास्थ्य सेवा तर्फका पदहरुको हकमा २०७५। ०७ । १२ सम्म १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको । अन्य सेवाको हकमा हकमा २०७५। ०७ । १२ सम्म १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको तथा महिलाको हकमा ४० वर्ष ननाघेको ।

१३.**दरखास्तमा संलग्न गर्नुपर्ने कागजात :** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रतिलिपि, नेपाली नागरिकताको प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि, अ.हे.व.को हकमा नेपाल स्वास्थ्य व्यवसायी परिषद र अ.न.मी.को हकमा नेपाल नर्सिङ् काउन्सीलमा नाम दर्ता/नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि । पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले सक्कल बमोजिम नक्कल ठीक छ भन्नेकुरा लिखित उल्लेख गरी हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ ।

१४.**अन्तर्वार्ता हुने मिति** : उम्मेदवारको प्रारम्भिक छनौट सूची प्रकाशन गरेको दिन प्रकाशन गरिनेछ ।

१५.**पदमा रही गर्नुपर्ने कामको विवरण :** सम्बन्धित पद सम्बन्धी कार्यालयले तोकेबमोजिम ।

१६.**तलब :** अ.न.मी तथा अ.हे.व. को हकमा नेपाल सरकारले तोकेको राजपत्रअनंकित द्वितीय श्रेणीको खरीदार वा सो सरहको पदको शुरु स्केल । कार्यालय सहयोगीको हकमा नेपाल सरकारले तोकेको कार्यालय सहयोगी पदको शुरु स्केल ।